# किपू नगरपालिका
# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं।
बागमती प्रदेश नेपाल।

पत्र संख्या: ०७९/०८०
च.नं.: १७५

मिति: ..............................

कीर्तिपुर नगरकार्यपालिकाको कार्यालय कीर्तिपुर, काठमाडौं

**मल बिक्रेताका लागि आवेदन माग बारेको सूचनाः**
**प्रथम पटक सूचना प्रकाशन भएको मितिः २०७९/०४/१७**

उपरोक्त सम्बन्धमा कीर्तिपुर नगरपालिकामा अनुदानको मल विक्री वितरण गर्ने गरी कृषि सामग्री कम्पनी लिमिटेडबाट डिलरसीप प्राप्त विक्रेताबाट माग अनुसारको मल पूर्ती हुन नसकी अनुदानको मलको माग कृषक स्तरबाट दिन प्रतिदिन बढ्दै गएकोले हाल डिलरसीप प्राप्त संस्थाको कार्यक्षेत्रमा असर नपर्ने गरी थप मल विक्रेता नियुक्तीको लागि कृषि सामंग्री कम्पनीमा सिफारिसका गरी पठाउनको लागि मिति २०७९/०४/१७ गते बसेको कीर्तिपुर नगरपालिका स्थानीय तह मल वितरण व्यवस्थापन समितिको निर्णय अनूसार अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ अनुसार अनुदानको मल बिक्रेता नियुक्तिका लागि माग भए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मितिः २०७९/०४/१८ देखि २०७९/०४/२४ गते कार्यालय समयभित्र) भित्र मल बिक्रेताको लागि आवेदन दिन सम्बन्धित सबै सहकारी संस्था, फर्म, वा कम्पनीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु:</u>

१. दर्ता प्रमाणपत्र/नविकरणपत्रको प्रतिलिपी
२. सम्बन्धित स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
३. सम्बन्धित वडाको सिफारिस पत्र
४. विगत दुई आर्थिक बर्षको प्रमाणित लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी
५. स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपी
६. संस्थाको विगतको कार्यअनुभव, कार्यदक्षता र कार्य क्षमताको विवरण
७. नापतौल गर्ने मेशिन, गोदामघर सूचना प्रविधि लगायतका मल भण्डार तथा विक्रि वितरणका लागि आवश्यक अन्य भौतिक पूर्वाधार तथा उपकरणको विवरण खुलेको (फोटो सहित) विवरण ।

०८९/४/१७
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०१-४३३१६९३, ४३३१३८१, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, Email: ict.munkirtipur@gmail.com
info@kirtipurmun.gov.np, website: kirtipurmun.gov.np